दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २१० | बुटवल | २०८२ साउन १० गते, शनिबार | नेपाल संवत ११४५ | Saturday July. 26, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



युवा सशक्तिकरण गरौं ।

**युवा सशक्तिकरण किन:**

-नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्यप्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन ।

नेपाल सरकार विज्ञापन बोर्ड


# मलाई रोक्ने एमाले निर्णय अवैध र अपरिपक्व : विद्या

### एमाले पूर्व उपाध्यक्षको हैसियतमा पत्रकार सम्मेलन गरेकी भण्डारीले आफूलाई राजनीति गर्न संविधान र कानुन बाधक नभएको समेत स्पष्ट पारिन् ।

**लुम्बिनी संवाददाता**

*बुटवल*

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले आफूलाई रोक्नेगरी एमालेले गरेको निर्णय वैध र परिपक्व हुन नसक्ने बताएकी छन् । नेकपा एमालेको केन्द्रीय कमिटी बैठकले भण्डारीको सदस्यता नवीकरणमा रोक लगाउँदै सक्रिय राजनीतिमा आउन नमिल्ने निर्णय गरेको थियो ।

त्यसपछि पहिलोपटक शुक्रबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले यस्तो बताएकी हुन् । आफूले मदन भण्डारीको हातबाट पार्टी सदस्यताले लिएको ४५ वर्ष भइसकेको उल्लेख गर्दै सदस्यता नवीकरणबाट रोक लगाउन नमिल्ने बताएकी हुन् । उनले भनिन्-'मैले नवीकरण गरिसकेको सदस्यता हुलहुज्जत र उत्तेजनाको भरमा खारेज हुँदैन, यसको पनि प्रक्रिया हुन्छ ।'

उनले आफूलाई राजनीति गर्न संविधान र कानुन बाधक नभएको बताइन् । पार्टीका निर्णय कार्यकर्ता, सामाजिक सञ्जाल र सञ्चारमाध्यमबाट थाहा पाएको बताउँदै भण्डारीले आफ्नो सदस्यता कसैले चाहेर फाल्न नसक्ने भन्दै आक्रोश व्यक्त गरिन् ।

'नेपालको संविधानले आस्थाको अधिकार र राजनीतिक दलमा आबद्ध हुने अधिकारलाई मौलिक हकको रूपमा प्रत्याभूति गरेको छ । संविधानका विभिन्न धारा, मर्म र भावना कहिँ कतैबाट पनि म दलमा आबद्ध भएर राजनीतिमा संलग्न हुन नसक्ने अवस्था छैन । यो घाम जत्तिकै छर्लङ्ग भएको विषय हो । जनताको बहुदलीय जनवादले संवैधानिक सर्वोच्चता र विधिको शासनलाई गहिरोसँग आत्मसात गरेको सन्दर्भमा यस सिद्धान्तको प्रतिकूल हुने गरी पार्टी सदस्य हुनबाट मलाई वञ्चित गर्नुपर्ने कुनै कारण छैन ।

यस सन्दर्भमा, नेपालको संविधान, ऐन कानुन र पार्टीको लोकतान्त्रिक मूल्यमान्यता समेतलाई नजरअन्दाज गरेर राजनीतिमा संलग्न हुन पाउने मेरो संवैधानिक अधिकार र स्वतन्त्रतालाई संकुचन वा नियन्त्रण हुने गरी गरिएका अपरिपक्व निर्णयले मलाई दुःखित तुल्याएको छ । यस प्रकारका निर्णयले पार्टीको साख र प्रतिष्ठालाई गिराउनेछ । आवेग र उत्तेजनाका भरमा गरिएका यस्ता निर्णयले सत्यलाई अस्थायी रूपमा भ्रमित तुल्याउन सकिएता पनि वास्तविकतालाई सधैँ छोप्न सकिँदैन । वृहत् छलफल गरिकन विवेकसम्मत ढङ्गले निर्णय लिनु पर्दछ भन्ने जबजको पार्टी निर्माणसम्बन्धी अवधारणाको मर्म पनि यही हो । पार्टी निर्माणसम्बन्धी जनवादी केन्द्रीयताको वैज्ञानिक सिद्धान्त प्रतिकूल हुनेगरी गरिएको निर्णय वैध र परिपक्व हुनै सक्दैन ।'-भण्डारीले लिखित मन्तव्यमा भनिन् ।

पत्रकार सम्मेलनमा भण्डारीले आफूले १० वर्षअघि राष्ट्रपति बन्दा एमालेको पार्टी सदस्यता त्यागेको भन्ने एमालेको दाबी झुटो रहेको बताइन् । 'म राष्ट्रपति हुँदा नै पार्टी सदस्य भएको ३५ वर्ष भइसकेको थियो । अहिले पार्टी सदस्य भएको ४५ वर्ष भइसकेको छ । यति हुँदाहुँदै मलाई पार्टी सदस्य हुनबाट वञ्चित गर्न कदापि मिल्दैन ।'- भण्डारीले भनेकी छिन् ।




'यस प्रकारका निर्णयले पार्टीको साख र प्रतिष्ठालाई गिराउनेछ । आवेग र उत्तेजनाका भरमा गरिएका यस्ता निर्णयले सत्यलाई अस्थायी रुपमा प्रभावित तुल्याउन सकिए पनि वास्तविकतालाई छोप्न सकिँदैन,' उनले भनिन्-'छलफल गरिकन विवेकसंगत ढंगबाट निर्णय लिनुपर्छ भन्ने पार्टी र जबजको मर्म पनि यही हो । पार्टी निर्माणसम्बन्धी जनवादी केन्द्रीयताको वैज्ञानिक सिद्धान्त प्रतिकूल हुनेगरी गरिएको निर्णय वैध र परिपक्व हुन सक्दैन ।'

उनले यी सबै कुराहरू भावनामा बगेर नबोलेको पनि पत्रकार सम्मेलनको क्रममा बताइन् ।

'यो पार्टी बनाउन म लगायत हजारौं योद्धा र सदस्यले रगत पसिना लगाएको छ । यो कुरा म कुनै भावनामा बगेर गरिरहेको छैन ।'- उनले भनिन् ।

भण्डारीले आफू पार्टी त्यागेर राष्ट्रपति नबनेको भन्दै पुनः पार्टीकै जिम्मेवारी लिएर सदस्यता नवीकरण गरेको स्पष्टीकरण दिएकी छिन् ।

उनले कसैले चाहँदैमा आफ्नो सदस्यता खान नसक्ने प्रतिक्रिया दिइन् ।

'अहिले कसैलाई लाग्यो भन्दैमा मेरो सदस्यता खान सक्छ जस्तो लाग्दैन ।'- भण्डारीले भनेकी छन् ।

भण्डारीले आफूले विधिपूर्वक नेकपा (एमाले) को सदस्यता नवीकरण गरेको बताइन् ।

सदस्यता नवीकरण गरेरै आफूले पार्टी राजनीतिमा सक्रिय हुने संकल्प गरेको बताइन् ।

उनले भनिन्-'पार्टीको सदस्यता विधिपूर्वक नवीकरण गरेँ । मैले सार्वजनिक नगरेकै समयमा सदस्यता नवीकरणका बारेमा सञ्चारमाध्यमले बाहिर ल्यायो । यसबारे चुपचाप बस्नु उपयुक्त हुँदैनथ्यो । नेकपा एमालेमा आबद्ध भएर अघि बढ्नु नै थियो यसैलाई मध्यनजर गर्दै मैले मदन भण्डारीको ७४औं जन्यन्तीको कार्यक्रममा एमालेको सदस्यता नवीकरण गरे भनेर एमालेमा आबद्ध भएर राजनीति अघि बढाउने सार्वजनिकरुमै संकल्प गरेको थिएँ ।'

उनले विधिअनुसार नै पार्टी परिवारको सदस्यमा जोडिएको स्पष्ट पारिन् । भण्डारीले आफूमा कुनै लोभलालच नरहेको पनि स्पष्ट पारेकी छन् ।

उनले देशको सर्वोच्च पद राष्ट्रपतिको जिम्मेवारीमा पुगेको भन्दै पदको लोभ नभएको स्पष्ट पारेकी हुन् ।

उनले राजनीतिमार्फत् सेवा गर्ने र समृद्धिलाई अगाडि बढाउनु आफ्नो उद्देश्य भएको बताइन् । पत्रकार सम्मेलनको ब्यानरमा मदन भण्डारीको तस्विर र नेकपा एमालेको चुनाव चिह्न सूर्यअंकित ब्यानर राखिएको थियो भने जनताको बहुदलीय जनवाद जिन्दावाद र नेकपा एमाले जिन्दावाद लेखिएको थियो ।

## मधेशमा पाँच सय डिप बोरिङ : प्रधानमन्त्री



बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीले सुक्खाग्रस्त मधेशमा तत्काल समस्या समाधानका लागि पाँच सय डिप बोरिङ जडान गर्ने घोषणा गरेका छन् । शुक्रबार महोत्तरीमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । एउटा डिप बोरिङबाट ६० बिघा क्षेत्रफल सिँचाइ गर्न सकिने उनले बताए ।

'अहिले तत्काल केही डिप बोरिङहरू जडान हुन्छ । तत्कालका लागि पाँच सय जति डिप बोरिङ जडान गर्नेछौं । एउटाले लगभग ६० बिघा जमिन सिँचाइ गर्न सकिन्छ ।'- उनले भने ।

पानीको अभावका कारण मधेस सुख्खाग्रस्त भएको बताउँदै सरकारले संकटग्रस्त क्षेत्र घोषणासमेत गरिसकेको उनले बताए ।

सरकार संकटग्रस्त क्षेत्र घोषणा मात्रै गरेर नबस्ने भन्दै दीर्घकालीन र तत्कालीन उपायहरू सुरु गरिसकेको बताए ।

'मधेश सुख्खाग्रस्त छ । पानीको अभावको कारणले सुख्खाग्रस्त भएकाले संकटग्रस्त क्षेत्र घोषणा गरेका छौं । संकटग्रस्त क्षेत्र घोषणा गर्ने मात्रै होइन यस क्षेत्रमा दीर्घकालीन र तत्कालीन दुई उपायहरूबाट काम गर्नेछौं ।'-उनले भने ।

चुरेमा पानीका तालतलैया बनाउने, पानी जम्मा गर्ने कार्यमा सरकार लागेको पनि प्रधानमन्त्री ओलीले बताए । प्रधानमन्त्रीले हेलिकोप्टर बाट सुख्खाग्रस्त क्षेत्र निरीक्षण गरेका थिए ।

## १५ प्रतिशत छात्रवृत्ति दिन सकिन्न : प्याब्सन लुम्बिनी



बुटवल । लुम्बिनी प्रदेशका निजी विद्यालय सञ्चालकहरुले हाल शिक्षा विधेयकमा उल्लेख गरिएअनुसारको छात्रवृत्ति दिन नसक्ने निर्णय गरेका छन् ।

हाल संसदीय समितिमा विचाराधीन रहेको शिक्षा विधेयकमा निजी विद्यालयले १० देखि १५ प्रतिशतसम्म पूर्ण छात्रवृत्ति दिनुपर्ने प्रावधान राखिएको छ ।

यो प्रावधानले निजी विद्यालयहरु संकटमा पर्ने भन्दै कुनै किसिमको छात्रवृत्ति दिन नसकिने बरु विद्यालय बन्द गरेर आन्दोलनमा उत्रिने निर्णय गरिएको निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) लुम्बिनीले जनाएको छ ।

प्याब्सनले निजी विद्यालय कम्पनी ऐनअन्तर्गत नै राखिनुपर्ने र विद्यालय सञ्चालन सम्बन्धी छुट्टै कानुन बनाइनुपर्ने माग पनि गरेको छ ।

'सरकारले तोकेको १५ प्रतिशत विद्यार्थीलाई पूर्ण छात्रवृत्ति कुनै पनि हालतमा दिन सकिँदैन, बरु हामी निजी विद्यालय बन्द गरेर आन्दोलनमा जान्छौं,' प्याब्सन लुम्बिनी प्रदेश अध्यक्ष लालहरि पाण्डेले भने-'सामुदायिक विद्यालयहरुले संविधानविपरीत विभिन्न शीर्षकमा शुल्क लिइरहेका छन्, तर निजी विद्यालयहरूलाई निःशुल्क पढाउनुपर्ने प्रावधान लाद्नु पूर्णतः गलत र अव्यावहारिक भएकोले आन्दोलनमा जानुपर्ने अवस्था आएको छ ।'

प्याब्सन लुम्बिनीको कपिलवस्तुको चन्द्रौटामा बिहीबार बसेको आकस्मिक बैठकमा प्याब्सनका केन्द्रीय सल्लाहकार सुमन गोपाल आचार्यले निजी विद्यालयहरू आफ्नो सामाजिक दायित्व पूरा गर्न तयार रहेको तर सरकारले तोकेको १५ प्रतिशतपूर्ण छात्रवृत्ति दिन सक्ने अवस्थामा नरहेको बताए ।

कुनै पनि कम्पनीले निःशुल्क सेवा गर्नुपर्ने संवैधानिक व्यवस्था नभएको बताउँदै आचार्यले संविधानमा उल्लेख गरिएअनुसार सरकारले आफ्ना विद्यालयहरूमा निःशुल्क शिक्षाको ग्यारेन्टी गर्न पनि चुनौती दिए ।

प्याब्सनका केन्द्रीय उपाध्यक्ष एवं लुम्बिनी प्रदेश इञ्चार्ज टिकाराम न्यौपानेले सरकारले ल्याउन लागेको शिक्षा विधेयकमा निजी विद्यालयहरूलाई समाप्त पार्ने षड्यन्त्र गरिएको भन्दै उक्त विधेयक स्वीकार्य नहुने भन्दै आन्दोलनको तयारीमा रहन निर्देशन दिए ।

प्याब्सन केन्द्रीय सचिवालय सदस्य खेमेन्द्र राना, केन्द्रीय सदस्य यज्ञमूर्ति पाण्डेले विगतदेखि नै सरकारले निजी विद्यालयहरूमाथि सौतेलो व्यवहार गरेको बताउँदै निजी विद्यालय बन्द गराउने र मुलुकमा शैक्षिक गुणस्तर समाप्त गर्ने चलखेल भइरहेको आरोप लगाए ।

हाल देशभरि करिब ८ हजार निजी विद्यालयहरुमा करिब २५ लाख विद्यार्थीहरु अध्ययनरत छन् ।

## नक्कली कागजातबाट कुवेत जान लागेका ४७ महिलालाई दिल्लीबाट फर्काइयो



**मोहम्मद हबिब**

*भैरहवा*

नेपालको विभिन्न ठाउँबाट रोजगारएका लागि कुवेत जान लागेका ४७ महिलालाई नेपाल ल्याइएको छ। नेपालले बन्देज गरेको घरेलु कामदारको भिषामा भारतको दिल्ली हुँदै कुवेत जान लागेका ती नेपाली महिलाहरुलाई भारतको नयाँ दिल्लीस्थित अन्तर्राष्ट्रिय विमानस्थलबाट शंकास्पद कागजातको साथमा नेपाल प्रहरी र नेपाली राजदूतावासको समन्वयमा नियन्त्रणमा लिई नेपाल ल्याएको हो ।

काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भिजिट भिसामा कडाइ गरिएपछि नयाँ शैलीबाट एउटा समूह नै भारतको बाटो हुँदै कुवेत जाने योजनामा रहेका थिए । भारतको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा चेकजाँच गर्ने क्रममा एयरलाइन्सले कागजातहरु शंकास्पद देखिएपछि अध्यागमन हुँदै राजदूतावासलाई जानकारी आएको थियो । भारतीय राजदूतावासमा अवस्थित नेपाल प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक एसएसपी प्रकाश मल्लसहितको नेतृत्वको टिमले अध्यागमनसँग समन्वय गरी नेपाल प्रहरी र राजदूतावासको टिमले उनीहरुलाई उद्धार गरी स्वदेश फर्काएको हो । हामीहरुलाई कागजात शंकास्पद लागेपछि भेरिफाइ गरेर अवैध तरिकाले जाने गरेको भेटिएपछि उनीहरुलाई नियन्त्रणमा लिई बेलहिया नाका हुँदै भैरहवा ल्याइएको हो । हवाइमार्गबाट सुरुमा ल्याउने कुरा भइरहँदा केही कठिनाइहरु आएकोले स्थलमार्ग हुँदै रुपन्देही प्रशासनको समन्वयमा बेलहिया नाकाबाट बिहीबार राती ८ बजे जिल्ला प्रहरी कार्यालय रुपन्देही ल्याइएको भारतस्थित नेपाल प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक एसएसपी प्रकाश मल्लले जानकारी दिए ।

प्रहरीको प्रारम्भिक अनुसन्धानले आकर्षक रोजगारीको लोभमा केही म्यानपावर कम्पनीको प्रलोभनमा एक समूह गलत बाटोबाट कुवेत जाने योजनामा रहेको बुझिएको छ । आकर्षक रोजगारी लगाइदिने भन्दै घरेलु कामदार भिसामा कुवेत जान लागेको उनीहरुसँगबाट नक्कली कागजातहरु पनि बरामद भएको छ ।

नेपालबाट जान प्रतिबन्धित भएकोले नै पठाउने गिरोहले भारतबाट पठाउन लागेको देखिन्छ ।


» बाँकी ३ पेजमा





दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८२ साउन १० गते, शनिबार

तपाईंका लागि...

**बिट्‌विन द लाइन्स्...**

सत्य
पानीको एउटा समुद्र हो
मान्छेहरूले आ-आफ्नो
भाँडोअनुसार
त्यसलाई भरिलिन्छन्

– पूर्ण वैद्य

**कथा**

# गुलमोहरको फूल



रामचन्द्र श्रेष्ठ

“म त धेरै समय संगत गरेको आनीबानी थाहा भएको, मन पराएकै केटासँग बिहे गर्छु। चिन्दै नचिनेको, जान्दै नजानेकोसँग कसरी जीवन काट्न सकिएला र ?” गोलो-गोलो अनुहार, गहुँगोरी, होची-होची अञ्जलीले आफ्ना विचार पोख्दै गर्दा लाजले उसका साना आँखा अझै चिम्सा परे।

“हैन, कसको बिहेको कुरा चल्दैछ ?” लगभग चिच्याएको जस्तो स्वरसहित शिशिर पनि त्यो समूहमा हाजिर भयो।

“चिया सबैलाई है।” हातको सङ्केत सँगसँगै आवाजले पनि साहुजीको ध्यान आकर्षित गरी श्वेताले। क्याम्पसको क्याण्टिनमा आज स्नताकका विद्यार्थीहरूको यो समुहमा छलफल चल्दै थियो। टेबललाई बीचमा पारेर एकातर्फको बेञ्चमा श्वेता र लक्ष्मी बसेका थिए। अर्कोतर्फको बेञ्चमा एक्लै थिई अञ्जली, उनको छेऊमै बस्यो भर्खरै छिरेको शिशिर। उनीहरू बसेको मेचको दक्षिणमा झण्डै छोइएजस्तै झ्याल थियो जसबाट क्याम्पसको मैदान देखिन्थ्यो। मैदानको दायाँतर्फ लहरै गुलमोहरको रुखहरू थिए। रुख नै रातो हुने गरी फुलेर गुलमोहरको यो मैदानको रूप नै रङ्गिन बनाएको थियो। छिन-छिनमा मौसम फेरिने यो असार यतिबेला घाम चरक्क चर्किएको थियो, जसका कारण हरियो दुबो हुँदाहुँदै पनि विद्यार्थीको झुण्डहरू यहाँ देख्न पाइएको थिएन।

“हैन, आज के विषयमा गफ हुँदैछ ? कसैको विवाहको बारेमा हो कि ?” ओठमा मुस्कान भर्दै शिशिरले जिज्ञासा जनायो। अञ्जलीले लाजले गाला रातो पार्दै श्वेतार्फ दृष्टि दिई। कलेजी रंगको चेन भएको सर्ट लगाएकी श्वेताले प्याच्च भनी “विवाहको बारेमा हो र यो अञ्जली प्रेम विवाहको पक्षमा वकालत गर्दैछे।”

“तर म भन्छु, हेर शिशिर, प्रेम विवाह नै सबैथोक होइन। अझै हाम्रो समाजमा त प्रेम विवाह गरेका धेरै जनाले चाँडै नै सम्बन्ध विच्छेद गरेका छन्। के यो यथार्थप्रति हाम्रो ध्यान जान पर्दैन ?” देख्दा सोझी-सोझी देखिने, पहेंलो कुर्ता-सुरुवाल लगाएकी लक्ष्मीले खरो प्रश्न राखी।

नाकमा जमेको पसिनाका थोपा सुतीको रुमालले स्वाट्ट पुछ्दै, ‘ल अब भन् त!’ भन्ने दृष्टिले अञ्जलीतर्फ हेरी श्वेता।

झ्यालबाहिर एक नजर दिँदै मुसुक्क हाँसी अञ्जली र भनी-“अब हेर, प्रेम पनि त समाजभन्दा पर हुन्न। समाजको संस्कृति र विकृतिको छाप त परिहाल्छ। तुलनात्मक हिसाबले हेर्दा प्रेम विवाहरू अलि धेरै सम्बन्धविच्छेदमा फेरिए होलान्। तर यत्तिमै प्रेम विवाह नै उपयुक्त छैन भन्ने निष्कर्ष निकाल्न सकिन्न बरु म त दाबा गर्छु यदि ‘लोग्न भगवान्, लोग्नेको कुरा काट्न हुन्न’ भन्ने जस्ता सामन्ती पितृसत्तात्मक चिन्तनलाई हटाउने हो भने धेरै मागी विवाहहरू सम्बन्ध विच्छेदमा परिणत हुनेछन् किनभने लैनसिंह वाङ्देलको ‘माइतघर’मा जस्तो अव्यक्त पीडा यहाँ प्रशस्त छ। कथित इज्जत बचाउने नाममा भित्र-भित्रै खोक्रो जीवन बाँच्ने यहाँ तमाम छन्।” बोल्दा-बोल्दै रोवले उसका आँखा राता-राता भए। लक्ष्मीतर्फ चोर औंला कस्दै बायाँ हातले गिलासको पानी सिनित्तै पारी।

अञ्जलीका औंलालाई आफ्नो बायाँ हत्केलाले रोक्दै श्वेताले अलि झर्को मानेजस्तै भनी, “ह्या, छोडौं यो विवाहको कुरा। झन्झट। बिहेर गर, बच्चा जन्माऊ, यो गर, त्यो नगर। अनि उन्नतिको कुरा, ज्ञान र विवकको कुरा, समाज, देश र जनताको कुरा सबै आगोमा पोल्छौ ?”

“हैन श्वेता” तुरुन्त प्रतिवाद गर्दै लक्ष्मीले उत्तर दिई, “अब हेर विवाह भनेको झन्झट मात्र हैन। केही झन्झट जस्तो देखिएला तर जीवन यापनको दैनिकीलाई कसरी झन्झट ठान्ने ? फेरि विवाह त जीवन जिउने सहाराको लागि पनि हो, अलिकति सुखको लागि हो, सृष्टिको पक्ष पनि यसैसँग गाँसिएको छ।”

“जहाँसम्म देश, जनता, विवेक, ज्ञान वा समाज र संघर्षको कुरा छ, एक्लो मान्छेले केही गर्न गाह्रो हुन्छ, सुखमा धाप मार्ने र दुःखमा सँगै सुस्केरा काढ्ने पनि त कोही त हुनैपर्छ। समाज र देश परिवारहरूको योग पनि हो। परिवार बिहेले नै जन्माउँछ। अहिले उठेको प्रश्न त यो पो हो कि, त्यो बिहे कस्तो ? देख्दै नदेखेको परको मान्छेलाई एक्कासी ‘लोग्न’ नामको साइनबोर्ड झुन्ड्याउन म त सक्दिन बाबै...” लगभग दुवै हात फ्याक्दै अञ्जलीले कुरा थपी।

“त्यो त सही हो। म सहमत छु। तर के तिमीले यो अस्वीकार गर्न सक्छौ त, विवाह शोषणको एक रूप हो भन्ने ? सामान्य तरिकाले हेर्दा पनि आफू हुर्केको, खेलेको, जीवनको पारिलो याम बिताएको घर र माटोलाई, आमाको न्यानो काखलाई चटक्कै छोडेर पराई घरमा जानुपर्ने नियति के शोषण होइन ? के हामी पनि पुरातन महिलाहरूले जस्तै ईश्वरको खेल वा प्रकृतिको लीला भनेर यो विषय पन्छाउन सक्छौ ?” भक्भकाएको स्वरमा श्वेताले प्रश्न गरी।

एकैछिन सन्नाटा छायो। चियाको एक चुस्की लिएर, आँखातिर झरेको कपालको धर्सालाई कानमा सिउँरिदै अलि गम्भीर हुँदै लक्ष्मीले उत्तर दिई, “श्वेताको प्रश्न जायज मात्र हैन यथार्थ पनि हो। तर तिमीलाई थाहै छ श्वेता आजको एकनिष्ठ विवाह पद्धति पनि एकैचोटी विकास भएको होइन। निजी सम्पत्तिको उदयसँगसँगै यो स्थापित भयो। त्यस्तै निजी सम्पत्तिको अन्त्यसँगसँगै तिमीले उठाएको विवाहको स्वरूप परिवर्तन होला। जब तेरो-मेरो भन्ने नभएपछि सम्पत्ति, ठूलाठूला घरहरूको प्रश्न पनि अनुचित हुनेछन्। तर, तिमीले आमाको न्यानो काख वा आफु खेलेको माटोको कुरा गर्दैछ्यो, मलाई लाग्छ यो तिम्रो भावुकता हो। अहिले तिमी अध्ययनकै लागि घर छोडेर आएकी छौ, आमाको काँख छोडेर आएकी छौँ। अझ भोली तिमी जनताको संघर्षको लागि धेरै टाढा परिवारबाट अलग हुनुपर्ला, तिमीले त्यो त सहनैपर्छ– हाँसी-खुशी बिना कुनै हिच्किचाहट।” गिलासको पानी पिउँदै उसले कुरा मोड्दै भनी, “हैन हामी मात्र कति छलफल गर्ने, शिशिरको कुरा पनि सुनौन आज त शिशिर मौन छौ ?”

सिलिङ पङ्खातर्फ आँखा घुमाउँदै शिशिरले मुखको पसिना पुछ्यो। श्वेता हातको कलम नचाउँदै भुईंतिर हेर्दै थिई। अञ्जलीले एकैछिन एकोहोरो शिशिरलाई हेर्दै प्रतिक्रिया दिई, “हैन, आज शिशिर अलि उदास छौ। के भयो ? बोल न...?”

“अञ्जलीको अनुमान सत्य हो। आज म केही उदास छु। मेरो मनमा केही भावनाहरू छटपटाइरहेका छन्।” शिशिर मौन रह्यो। श्वेताले टाउको उठाई र शिशिरतर्फ प्रश्नको दृष्टि लगाई। उसको बोलीलाई रोकेजस्तै हात उठाउँदै शिशिरले भन्यो “संयोग भन्नुपर्छ यसलाई। आज बिहेकै विषयलाई लिएर ललिता बहिनीले पठएको पत्र मलाई प्राप्त भएको छ। त्यहिं पत्र मेरो उदासीको कारण हो। ललिता मेरो गाउँकी छिमेकी बहिनी हुन्। उनको र मेरो भावना र साहित्यप्रतिको रुचि मिलेकाले हामी गाउँका अरु समकक्षी भन्दा अलि बढी नजीक थियौ। शायद त्यसैले होला, उनले मलाई आफ्ना भावना कोरेर यो पत्र लेखिन्। म तिमीलाई उनको पत्र नै वाचन गरेर सुनाउँछु।”

शिशिरले पाईन्टको खल्तीबाट पत्र भएको लिफा र लिफाबाट पत्र निकालेर खोल्दासम्म लक्ष्मीले रित्तिएका चियाका गिलासहरू पन्छाई सकेकी थिई। अब टेबुल रित्तो थियो र पत्रको प्रतिक्षमा सुनसान वातावरणझैं स्वागतको लागि तयार भएको जस्तो लाग्थ्यो। सबैले अनुहारको पसिना पुछे र शिशिरलाई एकोहोरो हेर्न थाले।

“प्यारो दाजु, सम्झना।”

शिशिरले पत्र पढ्न शुरु गऱ्यो। श्वेताले झ्यालबाहिर एक नजर दिई र पुनः शिशिरलाई हेर्न थाली। बादलले छेकेको हुनाले सूर्य मलिन थियो। अलि शीतल छायो।

“तपाई अझै गाउँमा फर्कनुभएको छैन होला, तथापि मेरो जीवनको नयाँ पाटो अथवा कुरा नघुमाई भन्दा बिहेको बारेमा पक्कै थाहा पाइसक्नु भयो होला। म तपाईलाई पहिलेझैं पत्र नलेखेको गुनासो गर्दै छैन। अब त गुनासो गर्ने ठाउँ पनि खाली छैन। शायद लोग्ने मान्छे नारी जातिभन्दा अलि बढि नै कठोर हुन्छन् क्यार। म त्यहिं महसुस गर्दैछु। दाजु, तपाईले के मेरो भावनालाई महसुस गर्न सक्नु होला र ? एउटा आशंका मनमा छँदाछँदै पनि म यो पत्र लेख्दैछु।

अपर्झट भयो मेरो बिहे जसरी अपर्झट भएको थियो निर्णय, मेरो उपस्थितिलाई कम मूल्याङ्कन गर्दै। यो देशका धेरै केटीहरूलेझैं मैले पनि पहिले कहिल्यै नदेखेको पुरुषलाई माला पहिऱ्याउँदै बिहे भन्ने शब्दको बन्धनमा बाँधिन विवश भए। तपाई यो नसोच्नुस् म अहिले दुःखी छु कि भन्ने, फेरि यो पनि महसुस नगर्नु म प्रफुल्ल छु भन्ने। एउटा नयाँ बेहुलीको विवाहका केही महिना कसरी बित्छन् गाउँ-घरमा, त्यो त देख्नु भएकै छ होला। मात्रात्मक रूपले केही घटबढ होला, अनुभूतिमा केही अन्तर होला त्यो भन्दा त्यति फरक पक्कै छैन। अब बाँकी रह्यो पछिको कुरा त्यो त भविष्यले नै बताउँला।

बिहेको दिन, एउटा अञ्जान पुरुषलाई लोग्ने पदले सिङ्गार्न (वा पोत्न भनौं) मलाई जनु अनुभूति भएको थियो म यो पत्रमा कुन शब्दले पोखुँ ? कति शब्दको त अभाव नै हुँदो रहेछ। मैले उपयुक्त शब्द पाइनँ। धेरै समय मेरो शीर त्यो बिहेको दिन झुकिरह्यो। मेरो मनमा अनेक राम्रा–नराम्रा विचारका आँधी मच्चीरह्यो। एउटा ठोस निर्णय, अठोट वा मनस्थिति बनाउन म असमर्थ रहे। के तपाईं मेरो त्यो क्षण अनुभूत गर्न सक्नुहुन्छ ?

तर म यो पत्रमा ती अनुभूति पोख्न चाहँदिन। मात्र एउटा प्रश्न छ मसँग, हामीले त्यो अमिलोको बोटमूनि बसेर पुष्कर शमशेरको एउटा कथा पढेका थियौं। तपाईलाई सम्झना भए त्यो कथाको शीर्षक ‘लोग्ने’ हो। मेरो प्रश्न यो हो कि त्यो कथाको स्थिति भन्दा आज हामी कुन फरक स्थितिमा छौ ? मेरो यो प्रश्नको अर्थ, म मेरो लोग्नेप्रति वा मेरो विवाहप्रति सन्तुष्ट छैन भन्ने नठान्नुहोला। साँच्चै भन्ने हो भने म भित्री हृदयले अझै प्रेम गर्न सकेकी छैन। अहिलेसम्म त सम्झौतामै टिकेको छ। तर प्रेम त बिहेपछि पनि त हुनसक्छ। अझै बढी न्यानो पनि त हुनसक्छ बिहेपछिको प्रेम। तर त्यो सम्भावना मात्र त हो। मेरो अनुरोध छ, तपाई पनि कामना गर्नोस् त्यो प्रेम मैले चिताए जस्तै गाढै बनोस्।

तर पनि दाजु, म प्रश्न त फेरि पनि दोहोऱ्याउँछु। आखिर कहिलेसम्म ‘लोग्ने’ नामको पदलाई प्रेम गर्नुपर्ने नियति बन्नेछ नारीजातिलाई ? प्रेमको कुरा वा सम्बन्ध र सम्झौताको कुरा अहिले पर छाडौं। तर मान्छे, उसको भावना, मन, विचार र उसको आनीबानी हैन कि निर्जीव पदमै आस्था र आफ्नो मनको भकारोको विश्वास खनाउनुपर्ने स्थिति कहिलेसम्म रहनेछ ? कहिलेसम्म ‘लोग्ने’ कथा यथार्थ बन्छ ? आखिर कहिलेसम्म ?

दाजु...., यहि नै अहिलेको मेरो प्रश्न हो। मलाई आशा छ, तपाईंले मेरो मनमा चलेको आँधीलाई अनुभूत गर्नुहुनेछ।

उही बहिनी ललिता।”

पत्र पढि सिध्याएपछि कुइनो टेबलमा अड्याएर हत्केलाले निधार समात्दै भुईतिर हेर्न थाल्यो शिशिर। अरु साथीले देख्ने अवसर नपाए पनि उसका आँखाका कोशहरू रसाएका थिए।

श्वेता झ्यालबाहिर हेर्दै थिई। आकाशमा बादलको मात्र बढ्दै थियो। बतास चल्न शुरु गर्दै थियो।

लक्ष्मीले दुवै हत्केलाले केश मिलाई, आङ तन्काई। अनुहार हत्केलाले पुछ्दै अञ्जलीले मौनता भंग गरी, “शिशिर”

“हुँ...हुँ...।”

“के सोच्दै छौं ?”

“म अवाक् छु।”

“प्रश्न तिमीलाई मात्र होइन यो युगलाई हो।”

फेरि मौनता छायो। सबै जनाको मनमा विचारहरू मडारिरहेको थिए तर उपयुक्त शब्दको अभावले अभिव्यक्त हुन असमर्थ थिए।

“ललिताको चिठ्ठीमा आशा गर्ने एउटा ठाउँ छ।” मौनतालाई चिर्दै विस्तारै बोली लक्ष्मी।

अञ्जलीले घोप्टो शीर ठाडो पार्दै जिज्ञासु नजर लगाई।

“बिहेपछि पनि प्रेम हुनसक्छ भनेर ललिताले आशाको किरण छोडेकी छिन्।” लक्ष्मीले प्रष्ट पारिन्।

“यो पत्रको समीक्षा गर्ने समय हैन। प्रश्नको उत्तरको बेला हो।” अञ्जलीले अमूर्त प्रतिवाद गरी।

“संस्कार र परम्परा एकैचोटी फेरिन्न। विकल्पहरू बलियो नहुँदासम्म वर्तमानले नै भरथेक गरिहाल्छ।” कुटनीतिक लवज बोली लक्ष्मी।

“हो, बिहान हुन पनि रातले समय गुजार्नुपर्ने हुन्छ। तर, सघंर्ष र परिश्रमले मान्छेले परिस्थितिलाई बदल्दै आएको छ।” अञ्जलीले प्रतिउत्तर दिइ।

अब विचार प्रस्तुतिमा दार्शनिकता देखिन थाल्यो।

“मलाई लाग्छ, हामी युवाहरू प्रजातान्त्रिक विवाह पद्धतिमा ध्यान दिनुपर्छ। विचारको मेल बिना विवाह सम्बन्ध दह्रो हुन सक्दैन। यो सिकन्दरको समय होइन साम्राज्य विस्तारका लागि युनानी केटाले जबरजस्ती अरु जातिका केटीलाई विवाह गर्ने। विचार प्रमुख हो।” शिशिरले शान्त भावमा व्यक्त गऱ्यो।

“अस्तित्ववादी दार्शनिक जाँ पाल सात्र र सिमोन दि बाउँवरको जस्तो सम्बन्ध पनि त सन्दर्भ बन्न सक्छ। उनीहरूले बिहे गरेनन् तर जीवन यात्रा सँगसँगै गरे।” सानो स्वरमा श्वेताले उदाहरण पेश गरी। उसको चञ्चल स्वभावलाई पत्रले गम्भीर बनाएको देखिन्थ्यो।

“सबैजना बाउँवार र सात्र हुन सक्दैनन् श्वेता। हामीसँग मार्क्स र जेनी, लेनिन र क्रुप्सकाया, म्याडम क्युरीको जोडीको उदाहरण पनि छन्।” अञ्जलीले थपी।

“तर विवाह अघि उमेर, रोग, आनीबानी मात्र होइन एक-अर्काका संस्कार र संस्कृतिलाई पनि ध्यान दिनुपर्छ। व्यक्तिको रुचिले पनि सम्बन्धलाई असर पार्न सक्छ। चेखवको ‘पुलती’ कथा त यसैको प्रस्तुति हो। ‘पुलती’मा डाक्टर केटा र चित्रकार केटीको रुचिको भिन्नता नै वियोगान्त परिणाम हो।” लक्ष्मीले आशंका पोखिन्।

“हामीले ललिताको प्रसङ्ग भुल्यौ कि ?” बिर्सन थालेको विषय सम्झेजस्तै बोली अञ्जली।

हतार-हतार बोली लक्ष्मी, “कति सम्बन्ध त सम्झौतमा टिक्छन्, टिकेकै छन्।”

खुम्चिएको जिउ तनक्क तन्काउँदै तुरुन्त प्रतिवाद गरी अञ्जली, “त्यसो होइन, प्रेम बिनाको सम्झौतामा अडेर घर हुँदैन लक्ष्मी त्यो त डेरा हुन्छ, डेरा। जुन कुनै पनि बेला छोड्न सकिन्छ, सर्न सकिन्छ।”

अञ्जलीको कठोर प्रहारको जवाफ कसैसँग थिएन। एकैछिन फेरि मौनता छायो।

सबैजना रित्तो टेबलमा एकोहोरो हेरिरहेका थिए। शायद उनीहरूको मनमा मडारिरहेका विचारहरू त्यहिं टेबलमा खेल्दै थियो।

हातको कलम नचाउँदै विस्तारै टाउको उठाएर छलफलको सार खिचेजस्तै बोल्यो शिशिर, “हामी युवा पुस्ताले विचारको जगमा अडेको विवाहलाई नै प्राथमिकता दिनुपर्छ। आ-आफ्नो संस्कार र संस्कृति, आनीबानीलाई ध्यान दिनु सबैको कर्तव्य हो। सँगसँगै हामीले के भुल्नु हुँदैन भने विवाह नै जीवनको उद्देश्य होइन। जीवनको उद्देश्य र अर्थ फरक हुन्छ विवाह त एक स्वाभाविक पाटो मात्रै हो।”

“हो...हो...म सहमत छु।” हात उठाउँदै श्वेताले सहमति दिई। अञ्जली र लक्ष्मीले मुस्कुराएर समर्थन जनाए।

आकाशमा कालो बादल मडारिरहेको थियो। हावा धुलो उडाउँदै थियो। गुलमोहरका रुखहरू कम्मर मर्काउँदै थिए।

उनीहरू क्याण्टिनको ढोकामा उभिएर गुलमोहरको फूल हेर्न थाले। ललिताको पत्रले सबैमा एक प्रकारको गम्भीरता सञ्चार गरेका प्रष्ट अनुभव गर्न सकिन्थ्यो।

गुफाको कुनाबाट प्रसारित आवाज सरह अञ्जलीको ओझपूर्ण आवाज सुनियो, “मान्छे सपनाप्रतिको आशाले क्रियाशील हुन्छ। मात्र सन्तान जन्माउनु, प्रेम र यौनमा लिप्त हुनु, खाने र सास फेर्नेजस्ता स-साना विषयमै जीवनको अधिक समय लगाउनु तुच्छ जीवनयापन हो। पशु र पंक्षी पनि बस्ने ठाउँ बनाउँछन्, सन्तान जन्माउँछन्, सन्तानलाई स्नेह दिन्छन्। असल मान्छेहरू, साँच्चिकै मान्छेहरू महान् सपनाका लागि क्रियाशील हुन्छन्, जीवन खर्चन्छन्। वैवाहिक सम्बन्ध महान् सपना प्राप्तिको यात्रामा उर्जा बन्नुपर्छ न कि प्रेमको नाममा खुट्टा बाँध्ने। व्यक्तिगत स्वार्थमा महान् सपनालाई बिर्साउने हुनुहुँदैन। के प्रेम गर्ने मान्छेलाई बलिदान गर्न सक्ने साहस छ हामीसँग ? सघर्षको बाटो त्याग्न कर गर्ने प्रेम आफैमा बन्धन हो।

त्यो चम्किलो सुनको घातक नेल हो।”

अञ्जलीको गहकिलो अभिव्यक्तिमाथि टिप्पणी वा विवेचनाको महसुस कसैले गरेनन्। तैपनि भित्रभित्रै चिन्तनमा व्यस्त भएझैं देखिन्थे। आँखाहरू गुलमोहरको राता फूलमा केन्द्रित थिए।

उरन्ठ्याउँलो र उग्र हावाको झोक्काले गुलमोहरको एक थुँगा फूल भुईंमा खसालिदियो। फूलको खसाईलाई इंगित गर्दै शिशिर बोल्यो, “महान् सपना हावाको झोंकाले फूल खसेजस्तो सङ्कटको आँधीबेहरीले अवसान हुँदैनन्।

यथार्थमा संघर्षको जटिलतामै सपना झन् झाँङ्गिन्छ। त्यो महान् सपना एक-दुईजनाको वैयक्तिक सम्पत्ति होइन कि साँचा हृदयहरूको धड्कन बन्नेछ किनभने मानव जातिको मुक्तिको गोरेटो त्यहीं सपना प्राप्तिको बाटो हो। सपनाको अवसान हुनु भनेको हाम्रो ढुकढुकी बन्द हुनु हो। सपनाबिनाको जीवन जिउँदो लाशमात्र हो।

हाम्रो सारा निजी र अति वैयक्तिक सम्बन्ध पनि सपनाकै अङ्ग हुन्। लक्ष्य भन्दा पर जीवनको कुनै पनि पक्ष छैन। विवाहको योग्यताको मापदण्ड पनि सपनासँगै सम्बन्धित हुनुपर्छ। यहीं नै हाम्रो अठोट हुनुपर्छ।

सिमसिम पानीमा केशराशी भिजाउँदै उनीहरू आ-आफ्ना कक्षाकोठामा प्रवेश गरे।

(रचनाकालः २०६६ पुस)

# आस्थाका फूलहरू

**शारदा शर्मा**

सीमा नभत्काउनु
त्यसभन्दा वारि
मान्छेको बस्ती छ
म तिमीलाई
देवता भनेर पत्याइरहन चाहन्छु।

नजिकबाट
कमी कमजोरीले व्याप्त
निर्वस्त्र
तिमी,
हामीजस्तै साँगुरो र अपूरो देखिनेछौं सम्भवतः
म तिमीलाई
औसत मान्छेभन्दा बेग्लै

विराट,
सम्पूर्ण देख्न चाहन्छु।

मान्छेका बस्तीमा घाम अस्ताउँछ सधैं
ऋतुहरू फेरिरहन्छन् चक्रवत्
फक्रन्छन् र झर्छन् फूलहरू
आफ्ना अनन्त अभावका सामु
नतमस्तक छ मान्छे
विवश छ।

आरोपण गरेर
सर्वशक्तिवत्ताका सम्पूर्ण देवत्व रूप
त्रुटिमुक्त र अनिन्द्य
म तिमीलाई

नित्य,
अविनाशी भनेर ठम्याइरहन चाहन्छु।

यहाँ
स-साना निहुँमा
असीमित घृणा गर्छन् मान्छे एक अर्कालाई
अथाह माया गर्छन्
विजयका खुशी र पराजयका दुःखले अभिभूत
तिनका प्रत्येक प्राप्ति र अप्राप्ति सापेक्ष छन्
कमजोर मान्छेदेखि सर्वथा भिन्न
तिमी
सर्वशक्तिमान र अजेय भनेर
मान्छेका अनिवार्य बिरामहरूलाई
म अर्थ र औचित्य दिन चाहन्छु।

विश्वास नभत्काउनु
त्यसभन्दा वारि
मान्छेको बस्तीमा
हरिया आस्था लहलहाएका छन्
आस्था ओइलायो भने
आगो लाग्नेछ यस बस्तीमा
मान्छे आफ्नै उर्जाले सल्कनेछ र सखाप हुनेछ।

नचिनिने नबुझिने गरेर
तिमी दूरीमै बस्नु
आफ्ना भावनामा आरोपण गरेर
सजाएर प्रतिकहरूमा
म तिमीलाई जतातै छर्छु र पूजा गर्छु



छुर्पी भुन्ड्याउँदै :

सिन्धुपाल्चोकको मुडे बजारमा बेच्न पसलमा छुर्पी भुन्ड्याउँदै महिला। वर्षा लागेसँगै व्यापारमा कमी आएको उनी बताउँछिन्। तस्विरः प्रदीपराज वन्त

# स्याङ्जामा 'एक सामुदायिक वन, एक पोखरी' अभियान



स्याङ्जा। स्याङ्जामा 'एक सामुदायिक वन, एक पोखरी' अभियानअन्तर्गत २७ वटा रिचार्ज पोखरी निर्माण भएका छन्।

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ देखि सुरु गरेको अभियानलाई कार्यान्वयन गर्दै जिल्लाका विभिन्न सामुदायिक वनमा २७ वटा रिचार्ज पोखरी निर्माण भएका हुन्।

पछिल्ला चार आर्थिक वर्षमा जिल्लास्थित सामुदायिक वनमा पोखरी निर्माणलाई अभियानका रूपमा अगाडि बढाइएको जिल्लास्थित डिभिजन वन कार्यालयका वन अधिकृत अम्मरबहादुर पराजुलीले जानकारी दिए। उनका अनुसार आव २०८१/८२ मा तीन, आव २०८०/८१ मा १२, आव २०७९/८० मा आठ र आव २०७८/७९ मा चार वटा रिचार्ज पोखरी निर्माण गरिएको हो।

"एक सामुदायिक वन, एक पोखरी' अभियान लागू भएसँगै हालसम्म २७ सामुदायिक वनमा २७ वटा पोखरी निर्माण गरेका छौँ", पराजुलीले भने-"आगामी दिनमा पनि अन्य सामुदायिक वनमा यस्तै प्रकृतिका रिचार्ज पोखरी निर्माणलाई निरन्तरता दिँदै जानेछौँ।"

पछिल्ला केही वर्षयता खोला खोल्सीमा पानीका मुहान सुक्दै गएकाले वनको बिच तथा माथिल्लो भागमा रिचार्ज पोखरी निर्माण गर्दा तल्लो तटीय क्षेत्रमा पानीका मूल फुट्ने, पानीको स्रोत बढ्ने भएकाले यसलाई अभियानका रूपमा सञ्चालन गरिएको उनले बताए।

वन जङ्गलमा वन्यजन्तुलाई पिउनका लागि पानी नहुँदा वन्यजन्तु पानीको खोजीमा जङ्गलबाट गाउँघरतिर आउनेक्रम बढ्दो रहेकाले वन्यजन्तुलाई गाउँतिर प्रवेश गर्न नदिनका लागि पनि यस प्रकारको रिचार्ज पोखरीले महत्त्व राख्ने उनको दाबी छ।

"कतिपय ठाउँमा सडक निर्माण गर्ने कार्यले पानीका स्रोतहरू हराउँदै गएका छन्", वन अधिकृत पराजुलीले भने-

"माथिल्लो भागमा रिचार्ज पोखरी हुँदा तल्लो तटीय क्षेत्रमा पानीका स्रोत दिगो हुने, वन्यजन्तु तथा चरनका लागि लगिएका पशुचौपायालाई पानी खुवाउन सहज हुने र आवश्यक परेको खण्डमा सिँचाइका लागि पनि प्रयोग गर्न सकिन्छ।" पोखरीको चारैतिर वा आवश्यकता अनुसार पक्की पर्खाल लगाइएको छ भने तल्लो जमिनलाई पुरानै अवस्थामा छोड्ने गरिएको उनको भनाइ छ।

वनमा निर्माण गरिएका पोखरी बहुउपयोगी रहेका फेदीखोला गाउँपालिका-४ स्थित कुचेको मुहान सामुदायिक वनका पोखरी निर्माण उपभोक्ता समितिका अध्यक्ष उमाकान्त सुवेदीले बताए।

"वनमा निर्माण गरिएका पोखरीलाई उपभोक्ताले बहुउपयोगी तरिकाले प्रयोग गरिरहेका छौँ", उनले भने-"रिचार्ज पोखरीभन्दा तल्लो भागमा पानीको मुहान जोगाइराख्न सहयोग पुग्ने, पशुचौपायालाई खुवाउन, सिँचाइका लागि प्रयोग गर्दै आएका छौँ। वन्यजन्तुले पनि यही पोखरीको पानी खान सक्नेगरी निर्माण गरेका हौँ।"

पोखरी निर्माणसँगै वन क्षेत्र मनमोहक र सुन्दर देखिन थालेको सुवेदीले बताए। डिभिजन वन कार्यालय स्याङ्जाले प्रतिपोखरी निर्माणका लागि रु एक लाख उपलब्ध गराएको थियो।

# झाडी फाँडेर घाँस खेती, घर-घरमा बाख्रापालन



बलेवा। ९ साउनः यहाँको बागलुङ नगरपालिका-५ मालिकामा पर्ने साँधखोला गाउँको नजिक प्रसस्तै जङ्गल छ। यसक्षेत्रमा परापूर्वकालदेखि पशुपालन हुँदै आएको थियो।

अघिल्ला पुस्ताले गुजारा चलाउन पशुपालन गर्दै आएका थिए भने हाल आमाहरुले पशुपालनलाई आम्दानीको स्रोत बनाएका छन्। उनीहरुले बाख्रापालनबाटै घर खर्च र बालबच्चा पढाउने खर्च जुटाउन थालेका हुन्। बागलुङ नगरपालिका, हेफर इन्टरनेसनल र गाजा डेभलपमेण्ट फाउण्डेसन नामक संस्थाले यहाँका आमाहरुलाई बाख्रापालनसम्बन्धी सीप र बिउ पुँजी उपलब्ध गराएको छ। वडा कार्यालयले त्यसको परिचालन र आवश्यक आहारमा सहयोग गरेको छ।

साँधखोलास्थित प्रगतिशील महिला समूहमा आबद्ध २६ जना आमाहरुको गोठमा अहिले बाख्राका पाठाहरु हुर्किरहेका छन्। "हामीले बाख्रा त धेरै पहिलेबाट पाल्दै आएका हौँ, अहिले तालिम पाएपछि व्यवस्थित बाख्रापालन सुरु गरेका छौँ", समूहकी अध्यक्ष कोपिला किसानले भनिन्-"बाख्राबाट आम्दानी गर्ने भनेर हामी मिलेर लागेका छौँ।" अघिल्लो वर्ष उपलब्ध गराएको बाख्राले आम्दानी दिन थालेपछि यस वर्ष बाख्राका पाठा उपलब्ध गराइएको उनले बताइन्।

बाख्रापालनमा आबद्ध समूहका आमाहरुले उपयुक्त घाँसको प्रबन्ध गर्न नजिकैको सामुदायिक वनमा घाँसखेती गर्न थालेका छन्। साँधखोला नजिकैको ७० रोपनी सामुदायिक वन क्षेत्रमा झाडी फाँडेर घाँसखेती सुरुआत गरिएको वडा अध्यक्ष हरिप्रसाद शर्माले बताए। "चिसो र मलिलो ठाउँ भएकाले हिउँद बर्खा घाँसको खाँचो नहोस् भनेर उन्नत घाँसका बिरुवा लगाइएको छ", उनले भने-"७० रोपनी क्षेत्रफल २७ जनालाई भाग लगाएर आफ्नो भागमा घाँसको विकास गर्न भनेका छौँ।"

ऐँसेलु फल्ने पाखोमा अब घाँस रोप्ने अभियान थालिएको समूहकी सदस्य बाटुली किसानले बताइन्। उनले वनमारा मासेर घाँसका बिरुवा हुर्किंदा हरेक गोठमा बाह्रै महिना घाँस पुग्ने बताइन्। आँठो छुटाएर पाखामा बिरुवा लगाउने काम भएकाले आफ्नै बारीको जस्तै घाँसको सुरक्षा गरिने उनले जनाइन्। बाख्रा र खोरमा सहयोग गरेको कार्यक्रमले घाँस लगाउन पनि सिकाएपछि महिलाहरु प्रफुल्लित छन्। समूहले किम्बु, सुपर नेपियर, खन्युलगायतका घाँसका बिरुवा रोपेका छन्।

**नक्कली...**

जसका लागि उनीहरुले विभिन्न गैरकानुनी कागजात बनाएर ति महिलाहरुलाई कुवेत पठाउनपूर्व नै विमानस्थलबाट उद्धार गरिएको बताए। अवैध तरिकाले नेपालको अध्यामनलाई छलेर उनीहरुलाई म्यानपावर, एजेन्ट वा कोही व्यक्तिले लग्यो भन्ने खुलेको छैन।

भारतस्थित नेपाली राजदूतावासका कन्सुलर विभाग हेर्ने मनोजकुमार सिंहले भारतको विमानस्थल भएर कामदार भिषामा जानका लागि श्रमस्वीकृति लिएर जानु पर्ने व्यवस्था छ, तर यी महिलाहरुको डोमेस्टिक वर्कर भिषा त्यो पनि नयाँ प्रतिबन्धित ठाउँहरुको भएको बताए। भारतबाट विदेश जाँदा श्रमस्वीकृति नभए राजदुतावासबाट जारी भएको नोअब्जेक्सन लेटर लिएर जानु पर्नेमा उनीहरुको साथबाट फेला परेको कागजात नक्कली रहेकोले अध्यागमनसँग समन्वय गरी विदेशजानबाट रोकेको बताए।

'कानुनी कारबाहीका लागि र यसमा क-कसको संलग्नता छ भन्नका लागि हामीले अनुसन्धान गरी कारबाही गर्नका लागि प्रशासनलाई जिम्मा लगाएका छौं। उनीहरुलाई हामीले भारतीय प्रक्रिया पूरा गरी स्थलमार्ग हुँदै बेलहिया नाकाबाट नेपाल ल्याएका हौं।'- कन्सुलर सिंहले भने।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख एसपी प्रदिपबहादुर क्षेत्रीले हामीलाई हस्तान्तरण भएका महिलाहरुको तथ्याङ्क निरीक्षण र रेकर्ड गरी केन्द्रमा जानकारी गराएपश्चात् राती नै केन्द्रमा जाहेर गराई बिहीबार राति नै सबै महिलाहरुलाई थप अनुसन्धानका लागि मानव बेचबिखन अनुसन्धान ब्युरो, काठमाडौं पठाइएको छ। उद्धार गरिएका महिलाहरु २२ देखि ३२ वर्ष उमेर समूहको धरान, गुल्मी, दाङ, सुदुरपश्चिम, ललितपुर, हेटौँडा, दाङलगायत पूर्वदेखि पश्चिमसम्मका महिलाहरु छन्।

जिल्ला प्रशासन कार्यालय रुपन्देहीको समन्वयमा रुपन्देही प्रहरी प्रमुख प्रहरी उपरीक्षक प्रदीपबहादुर क्षेत्री,, सशस्त्र प्रहरी बल नम्बर २७ गण रुपन्देहीका सशस्त्र प्रहरी उपरीक्षक मेखराज जोशी, इलाका प्रहरी कार्यालय बेलहियाको सहकार्यमा नेपाली राजदूतावासका एसएसपी प्रकाश मल्लसहित द ू त ा व ा स क ा कर्मचारीको टोली र उद्दार गरिएका महिलाहरुलाई बेलहिया नाकामा हुँदै भैरहवा ल्याइएको थियो।

नक्कली कागजात बनाएर यति ठूलो संख्यामा महिलाहरुलाई अवैध बाटोबाट विदेश पठाउनु गम्भीर विषय रहेको छ। भारतबाट नयाँ तरिकाबाट जान खोज्दा फेला परेको यो घटनाले समग्र क्षेत्र झस्केको छ। गृहमन्त्री रमेश लेखकले पनि यो घटनाका सम्बन्धमा आवश्यक छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन प्रहरीलाई निर्देशन दिएको थिए। घटनाको छानबिन मानव बेचबिखन अनुसन्धान ब्यूरोले गरिरहेको छ। यहाँ भिजिट भिसामा कडाइ गरिएपछि एजेन्ट र केही म्यानपावर कम्पनीलेहरुले नयाँ तरिकाबाट नक्कली कागजातको प्रयोग गर्ने गरेको पर्दाफास पनि यो घटनाले गरेको छ।

## शिक्षक आवश्यकता

मितिः २०८२/०४/१०

प्रस्तुत विषयमा सुस्ता गाउँपालिका कार्यालयको मिति २०८२।०१।२३ को च.नं. १६८३. को प्राप्त पत्रानुसार र विद्यालय व्यवस्थापन समितिको मिति २०८२।०४।०८ गतेको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको शिक्षण सिकाई अनुदान कोटा नि.मा.वि. तह विषय गणित कोटा संख्या १ (एक) विज्ञापनद्वारा शिक्षक पदपुर्ति गर्नुपर्ने भएको हुदाँ तपसिलका योग्यता पुगेका ईच्छुक नेपाली नागरिक उम्मेदवारबाट तोकिएको शर्त सहित आवेदन दिनहुन सम्बन्धित सबैको लागि यो विज्ञापनको आव्हान गरिन्छ।

**तपसिल :**

१) **विज्ञापन नं**. २/०८२/८३ २) **तह**ः नि.मा.वि.
३) **पद**ः शिक्षण सिकाई अनुदान कोटा संख्या १ करार शिक्षक ४) **विषय**ः गणित
५) **शैक्षिक योग्यता**ः गणित मुल विषय लिई आई.एड. उत्तीर्ण भएको
६) **उमेर**ः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
७) **आवेदन दिने मिति**ः २०८२।०४।०९ गते देखि २०८२।०४/२३ गते ४:०० बजे सम्म
८) **विज्ञापन दस्तुर**ः २००० (दुई हजार मात्र) यस विद्यालयको एन.एम. बि. बैकमा रहेको खाता नं. १०५०१४२६९३१०००१९ मा जम्मा गरेको सक्कल भौचर निवेदन साथ पेश गर्ने
९) **परीक्षाको किसिम**ः लिखित र अन्तरवार्ता (आवश्यक भए प्रयोगात्मक)
१०) **तलब सुविधा** : नेपाल सरकारले तोके बमोजिम नि.मा.वि. शिक्षक स्केल अनुसार
११) **सम्पर्क मिति**ः २०८२।०४।२४ गते
१२) **परीक्षा मिति**ः सम्पर्कको दिन तोकिनेछ।

**आवश्यक कागजातहरुः**

१३. (क) हस्तलेखन आवेदन पत्र। (ख) नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपी २ थान।
(ग) स्थायी अध्ययन अनुमतिपत्र २ थान। (घ) निरोगिता प्रमाणपत्रको प्रतिलिपी २ थान।
(ङ) माथिल्लो योग्यता तथा कम्प्युटर सम्बन्धी जानकारी भएकोलाई विशेष प्राथमिकता दिइनेछ।

**नोटः थप जानकारीको लागि सम्पर्क नम्बर ९८१७४५५३३७, ९८१५४५८४४७**

**श्री रिता कुमारी फौज्दर**
**वि.व्य.स. अध्यक्ष ९८४७१९२३६६**

**श्री शुभकामना आधारभूत विद्यालय**
**सुस्ता-फेनहरा नवलपरासी**

## श्री ज्ञान ज्योति आधरभूत विद्यालय

**रामग्राम-१८, धरमपुर, नवलपरासी**

## शिक्षक आवश्यकता सम्बन्धी सूचना।

**प्रकाशित मितिः २०८२।०४।०९**

प्रस्तुत विषयमा रामग्राम न.पा.को मिति २०८२/०३/३२ च.नं. ६२०८ को प्राप्त अनुमति पत्र तथा मिति २०८२/०४/०७ गते वि.व्य.स. को निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको प्रा.वि. तृतीय श्रेणीको अस्थायी करार शिक्षक पदमा मिति २०८२/०४/०९ गते देखि लागु हुने गरी शिक्षक पदपूर्तिको लागि दरखास्त आह्वान भएको आठौं दिनसम्म शिक्षक सेवा आयोगको करार सूचीमा परेका व्यक्तिहरुले मात्र आवेदन दिन पाउने र आठौं दिन सम्म करार सूचीका कुनै व्यक्तिबाट आवेदन नपरेका खण्डमा नवौं दिनबाट करार सूचीमा नपरेका योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिल बमोजिमका कागजातहरुका साथ दरखास्त आह्वान गरिन्छ।

**विज्ञापन नं**. : ०१/०८२/०८३

१. आवश्यक पद : शिक्षक
२. तह / श्रेणी : प्रा. वि. / तृतीय
३. प्रकार : अस्थायी (राहत)
४. संख्या : १ (एक)
५. शैक्षिक योग्यताः कक्षा १२ उत्तिर्ण वा सो सरह।
६. आवश्यक कागजातहरु :
क) अध्यापन अनुमति पत्रको प्रतिलिपि।
ख) नेपाली नागरिकताको प्रतिलिपि।
ग) न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्रहरुका प्रतिलिपि।
घ) हस्त लिखित निवेदन।
७. उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
८. दरखास्त दस्तुर रु. १०००/- (विद्यालयको नगदी रसिद सहित)।
९. परीक्षाको प्रकार लिखित, अन्तरवार्ता ( आवश्यक परेको खण्डमा प्रयोगात्मक सहित )।
१०. तलब सुविधा : नेपाल सरकारको प्रचलित नियम अनुसार।
११. दरखास्त दिने अन्तिम मिति : २०८२/०४ /२३ गते कार्यालय समयसम्म।
१२. सम्पर्क मिति : २०८२/०४/२५ गते आइतबार।
१३. परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ।

**थप जानकारीको लागि सम्पर्क नं. : ९८४७०४१४८८**

**लक्ष्मण सुवेदी**
**प्रधानाध्यापक**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

रूपन्देही ३ उप–चुनाव :

# स्वतन्त्र उम्मेदवारी घोषणा बढ्दै



**लुम्बिनी संवाददाता**

*बुटवल*

रुपन्देही-३ मा स्वतन्त्र उम्मेदवारी घोषणा गर्नेहरुको संख्या बढ्दैछ । रूपन्देही-३ मा आगामी कार्तिक १७ गते उप-निर्वाचन हुँदैछ।

शुक्रबार मात्रै रुपन्देहीका किरण विकले राजधानीमा पत्रकार सम्मेलन गरेर उम्मेद्वारी घोषणा गरेका हुन् ।

आफू विगत ११ वर्षदेखि राजनीति, फिल्ममेकिंग र लेखनमार्फत् रुपन्देही र काठमाडौंमा सक्रिय रहको उनले बताएका छन् ।

उम्मेदवारी घोषणा गर्दै ३१ वर्षीय विकले आफूले विगतमा जनआन्दोलन, गणतन्त्रको स्थापना, धर्म निरपेक्षताको स्थापनालगायतका कार्यमा आफ्नो ठाउँबाट योगदान पुऱ्याएको बताएका छन् ।

संविधान निर्माण र संघीयताको कार्यान्वयनजस्ता महत्वपूर्ण राजनीतिक घटनाक्रमहरूको साक्षी पुस्ता भएको भन्दै उनले भनेका छन्-'मेरो उम्मेदवारी पुरानालाई लखेट्न मात्र होइन, नयाँहरूलाई सुधार्न पनि हो ।'

उनले भैरहवालाई क्रिप्टो भ्याली, आर्थिक राजधानी, अन्तर्राष्ट्रिय मनोरञ्जन पर्यटकीय शहर र लुम्बिनी महानगरको अवधारणालाई लागू गर्न व्यवस्थित शहरीकरण गर्नेलगायतका प्रतिबद्धताहरु जानकारी गराएका छन् ।

रुपन्देही-३ लाई नेपालकै शैक्षिक हब बनाउने, रुपन्देही-३ लाई नेपालकै सबभन्दा गुणस्तर र सस्तो स्वास्थ्य सेवा प्रवाह गर्ने शहर बनाउने र स्वास्थ्य क्षेत्रमा देखिएको बढ्दो व्यवसायीकरण निजीकरणलाई रोक्ने काम भैरहवाबाट सुरु गर्ने पनि उनको प्रतिबद्धता छ । यसअघि भैरहवाका अजय गुप्ता, मोतीपुरका लेखनाथ गैरेले पनि स्वतन्त्र उम्मेदवारी दिने घोषणा गरिसकेका छन् । यस्तै तिलोत्तमा ६ का सन्तोष गिरीले पनि उम्मेदवारी दिने बताउँदै आएका छन् । उनी काठमाडौं महानगरका मेयर बालेन शाहका सल्लाहकार हुन् ।

राष्ट्रिय जनमोर्चाले भैरहवाकै बद्रे आलमलाई उम्मेदवार बनाउने निर्णय गरेको छ।

मधेश केन्द्रित सात दलको संयुक्त लोकतान्त्रिक मोर्चाबाट नागरिक उन्मुक्ति पार्टीले धनिराम चौधरी, डा.सरोजसिंह चौधरी, राकेश कोइरी र अर्का एकजनालाई सिफारिश गरेको छ। एकजनाको नाम गोप्य राख्ने पार्टीमा निर्णय भएको जिल्ला अध्यक्ष तुल्सी चौधरीले बताए ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले केन्द्रीय सदस्यद्वय स्वाती थापा र बसन्तविक्रम शाही, रुपन्देही अध्यक्ष सागरप्रताप राणा, स्व. दीपक बोहराका छोराहरु गौरव बोहरा र प्रज्ज्वल बोहरा तथा जिल्ला नेता दिलिप मल्लिकको नाम सिफारिस गरेको छ ।

६ जना मध्येबाट पार्टी केन्द्रले एकजनालाई उम्मेदवार बनाउने छ।

नेपाली कांग्रेसबाट बालकृष्ण खाँण, प्रमोद यादव, रामचन्द्र ढकाल, रमेश खनाललगायतको नाम चर्चामा छ। एमालेबाट पोलिटब्युरो सदस्य खिमलाल भट्टराई, व्यवसायी शशि पौडेल, पूर्व प्रदेश सांसद दधिराम न्यौपाने, केन्द्रीय निर्वाचन आयोगका सदस्य भरत पोखरेल र सिद्धार्थनगर नगरपालिकाका पूर्वमेयर हरि अधिकारी पनि उम्मेदवार बन्ने चर्चा छ।

माओवादी केन्द्र सहितका विपक्षी दलबाट उम्मेदवारका आकांक्षी अझै खुलेका छैनन् । तर एकीकृत समाजवादीका युवा नेता एवं अस्पताल व्यवसायी कमल भण्डारी उम्मेदवार बन्ने चर्चा छ । रास्वपाबाट उम्मेदवारका आकांक्षी धेरै भएका र खुलेका छैनन् । तर आकांक्षी निकटहरुका अनुसार क्षेत्र नं. ३ का सभापति मधु अर्याल, सहकारी अभियान्ता ज्ञानु पौडेललगायतको नाम चर्चामा छ।

# लुम्बिनी बौद्ध विश्वविद्यालयको ८० अर्बको गुरुयोजना



भैरहवा । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले लुम्बिनी बौद्ध विश्वविद्यालयको देवदह गुरुयोजना सार्वजनिक गरेका छन् । रुपन्देहीको देवदहमा झण्डै ८० अर्ब लागतमा बन्ने पूर्वाधार गुरुयोजना लुम्बिनीमा शुक्रबार आयोजित अन्तर्राष्ट्रिय छात्रावास भवनको शिलान्यास तथा देवदह गुरुयोजना सार्वजनिक समारोहमा अर्थमन्त्रीले पौडेलले सार्वजनिक गरेका हुन् ।

देवदहमा विश्वविद्यालयलाई २०७७ सालमै सरकारले झण्डै ९२ विगाहा जमिन भोगाधिकार दिएको थियो । सोही जमिन ओगट्ने गरी बनेको गुरुयोजना कुलपति एवं प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा असार ३२ गते बसेको अठौं सभा बैठकले स्वीकृत गरेको थियो ।

सभाबाट स्वीकृत गुरुयोजना उपप्रधानमन्त्री पौडेलले शुक्रबार सार्वजनिक गर्दै गुरुयोजनालाई पूर्णता दिन विश्वविद्यालय तदारुकतासाथ लाग्नुपर्ने जनाए । 'गुरुयोजना बनाएर मात्रै हुँदैन, यसको कार्यान्वयनका लागि विश्वविद्यालयको अग्रसरता निरन्तर हुनुपर्छ,' उनले भने-'हामीहरु साथ र सहयोग गर्न सधैं तत्पर छौं ।'

२०५१ सालमा विश्वविद्यालय स्थापना गर्न माग गर्दै हस्ताक्षर संकलन गरिएको क्षण स्मरण गर्दै अहिले विश्वविद्यालयको स्वरुपमा पुगेको बताए । 'यो विश्वविद्यालय देशको एक नम्बर र विश्वकै शैक्षिक गन्तव्यका रुपमा स्थापित हुन सक्छ,' उनले भने-'शैक्षिक गुणस्तर कायम गरेर विद्यार्थीको रोजाईमा पुऱ्याउनुपर्छ ।'

बौद्ध दर्शनका साथै अन्य विषयसमेत प्राध्यापन गराउँदा विश्वविद्यालय अझै प्रभावकारी रुपमा अघि बढेको उनको भनाइ थियो । विश्वविद्यालयलाई लुम्बिनी र गौतमबुद्धका रुपमा ब्राण्डिङ गर्न सहज हुने भएकाले त्यसको फाइदा उठाउँदै अन्तर्राष्ट्रियस्तरमा फैलाउन निर्देशनसमेत उनले दिए ।

८० अर्बको गुरुयोजनाका मूर्तरुप दिँदै शैक्षिक गुणस्तरमा पनि अब्बल हुनुपर्ने उनले बताए । पूर्वाधार विकाससँगै शैक्षिक र जनशक्ति विकासका योजना बनाउन आग्रह गर्दै त्यसको कार्यान्वयनमा सरकारले काम गर्ने उनले प्रतिबद्धता जनाए । सोही अवसरमा उपप्रधानमन्त्री पौडेलले लुम्बिनी विकास कोषको गुरुयोजना पूरा हुन नसकेकोमा चिन्ता समेत व्यक्त गरे । 'बजेट भएर मात्रै पनि विकास नहुने रहेछ, राष्ट्रिय गौरवको लुम्बिनी विकास गुरुयोजना ४० वर्ष नाघ्दा पनि सकिएन,' उनले भने-'यस्ता संस्थाहरुको नेतृत्व लौकिक मोहबाट माथि उठेको, संस्कृति, सम्पदाको महत्व बुझेको र ज्ञान भएको हुनुपर्दो रहेछ ।' उप-प्रधानमन्त्री पौडेलले देशका ठूला योजनाहरु क्रमशः बन्दै गइरहेको भन्दै त्यसको संरक्षण, सरसफाइमा हरेक नागरिक लाग्नुपर्ने बताए ।

लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्रा.डा. सुवर्णलाल बज्राचार्यले लुम्बिनीमा शैक्षिक पर्यटन भित्र्याउनका लागि विश्वविद्यालयले प्रवर्द्धनात्मक कार्यक्रम बनाइरहेको जनाए । त्रिपिटक पार्क निर्माण, देवदह शिक्षा विकास परियोजना जस्तै परियोजनाबाट प्राज्ञिकका साथै पर्यटन विकासमा टेवा पुग्ने उनले बताए । उनले देवदह गुरुयोजनाको सपना छिट्टै साकार हुने विश्वास व्यक्त गरे ।

विश्वविद्यालयका रजिष्ट्रार डा.तिलकराम आचार्यले विश्वविद्यालयको स्थापनादेखि हालको विकाससम्म अर्थमन्त्री पौडेलले पुऱ्याएको योगदानको चर्चा गर्दै देवदह गुरुयोजना कार्यान्वयनमा पनि ठूलो सहयोग हुने विश्वास व्यक्त गरे । विश्वविद्यालयले पूर्वाधार निर्माणसँगै प्राज्ञिक अनुसन्धानहरु सरकारका नीति योजनामा पर्नेगरी गरिरहेको जनाए ।

देवदहको जग्गा प्राप्तीमा भएको कठिनाइ स्मरण गर्दै उनले गुरुयोजना कार्यान्वयन हुँदा मुलुककै नमूना विश्वविद्यालयका रुपमा स्थापित हुने बताए । लुम्बिनी, देवदह र बुटवललाई शैक्षिक केन्द्रका रुपमा विकास गर्नेगरी विश्वविद्यालयले पूर्वाधार निर्माण गरिरहेको जनाए ।

विश्वविद्यालयका सहायक निर्देशक चुरामणि पोखरेलले सञ्चालन गरेको कार्यक्रममा बोल्दै लुम्बिनी सांस्कृतिक नगरपालिकाका उपप्रमुख कल्पना हरिजनले लुम्बिनी बौद्ध विश्वविद्यालय देशकै गौरवको आयोजनाका रुपमा रहेको बताइन् । उनले लुम्बिनीको समग्र विकासमा संघीय सरकारको विशेष चासो आवश्यक रहेको जनाइन् ।

विश्वविद्यालयले रुपन्देहीको खडैयामा १२ करोड ८३ लाखको लागतमा एक सय जना विद्यार्थी बस्ने क्षमताको अन्तर्राष्ट्रिय होस्टेल निर्माण गर्न लागेको हो । सो निर्माण बीस महिनाभित्र सकिने अपेक्षा रहेको छ । विश्वविद्यालयमा हाल करिव २ सय विदेशीसहित ३ हजार विद्यार्थी अध्ययनरत छन् ।

# मल लिन पाल्हीनन्दनका किसान रातिदेखि लाइनमा




नवलपरासी । बर्दघाट सुस्ता पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिकाका किसान मल लिनका लागि रातिदेखि नै लाइन बसेका छन् । रासायनिक मल लिनका लागि रातिदेखि नै किसानहरू सहकारी र वडा कार्यालय अगाडि लाइनमा बसेका हुन् ।

पाल्हीनदन गाउँपालिका-४ का रामानन्दन हरिजनले भने-"रोपाइँ सकिएको दुई महिना भयो, मलको अभाव भएर अहिलेसम्म पाएका छैनौं । सरकारले उपलब्ध गराउने मल पाउने आशामा रातिदेखि लाइनमा बसेका छौं ।" खेतमा रासायनिक मल प्रयोग नगरेमा धान उत्पादन घट्नेमा उनले चिन्ता व्यक्त गरे ।

हरिजनले भने- "मल लिनका लागि ४ नं. वडा कार्यालयको अगाडि रातिदेखि लाइनमा बसेपछि प्रतिकिसान २५ किलो युरिया मल पाएका हौं । मलको अभाव देखेर खेती गरौं की नगरौं भन्ने दोधारमा छौं ।"

पाल्हीनन्दनको हरपुरमा बिहीबार ३ बजे रातिदेखि युरिया मल लिन सहकारीको अगाडि किसान लाइनमा बसेका रवीन्द्र हरिजनले बताए । लामो समयदेखि वर्षा नहुँदा अत्यधिक गर्मी बढेसँगै जमिन सुकेर खडेरी लागेको बताउँदै उनले धान सुक्न थालेको उल्लेख गरे ।

मलको अभाव रहेकाले सबै किसानलाई वितरण गर्ने उद्देश्यले लाइनमा व्यवस्थित गराएर प्रतिकिसान २५ किलोका दरले युरिया वितरण गरिएको पाल्हीनन्दन-४ का वडाध्यक्ष रवीन्द्र सहानीले जानकारी दिए ।

आवश्यकता अनुसार मल नपाएको किसानले गुनासो गरिरहेकाले वितरणको पहल थालिएको पश्चिम नवलपरासीका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले बताए । मलको कोटा बढाउन आवश्यक रहेको बताउँदै उनले यसका लागि सरोकार भएका निकायसँग समन्वय गरी अगाडि बढ्ने उल्लेख गरे ।

# वार्षिकोत्सवको अवसरमा ब्याडमिन्टन प्रतियोगिता




बुटवल । बुटवल अटो इञ्जिनियरिङ्ग एसोसिएसन रुपन्देही लुम्बिनीको ३०औं वार्षिकोत्सवको अवसरमा ब्याडमिन्टन प्रतियोगिता सम्पन्न भएको छ । बुटवल ब्याडमिन्टन क्लबमा सम्पन्न प्रतियोगितामा कुल ११ टिमको सहभागिता रहेको थियो । मेन्स डबल्स आधारमा लिग चरणमा १६ खेलहरू सम्पन्न गरिएका थिए ।

प्रतियोगितामा समूह-१ बाट जगन्नाथ भुसाल (जगु) र केशव तिवारी तथा समूह-२ बाट तुल्सिराम न्यौपाने र शिवप्रसाद बजगाईं विजयी भएका छन् । बिजेताहरुलाई समापन समारोहमा विजेता तथा उपविजेताहरूलाई ट्रफी र मेडल प्रदान गरिने कार्यक्रमका संयोजक तथा एसोसिएसनका कोषाध्यक्ष नवराज सुवेदीले जानकारी दिए ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल अटो मेकानिक्स व्यवसायी महासंघका प्रथम उपाध्यक्ष ज्योति भण्डारीले खेल क्षेत्रबाट अन्य संघसंस्था तथा समुदायलाइ अटोभिलेजको बारेमा जानकारी गराउनेगरी कार्यक्रम गर्न सुरु गरिएको बताए ।

कार्यक्रममा अध्यक्ष प्रेम गौचन, निवर्तमान अध्यक्ष तुल्सीप्रसाद न्यौपाने, सल्लाहकार कृष्ण न्यौपाने, वबाणिज्य उपाध्यक्ष बाबुराम आचार्य, महासचिव पुनित पोखरेल, मैनाबगर ब्याडमिन्टन क्लबका अध्यक्ष केशरबहादुर जबरालगायतले खेलकुद स्वास्थ्यको लागि महत्वपूर्ण हुने भन्दै यस्ता प्रतियोगिताले बुटवल अटो इञ्जिनियरिङ्ग एसोसिएसन रुपन्देही लुम्बिनीसँग जोडेको उल्लेख गरे ।

एसोसिएसनले खेलकुदमार्फत् आपसी सहयोग, स्वास्थ्य र सञ्जाल विस्तार गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरेको जनाएको छ । एसोसिएसनले साउन ४ गतेवाट आफ्नो स्थापना दिवसका विभिन्न कार्य गर्दै आएको छ । ४ गते स्वास्थ्य शिविर तथा रक्तदान, ६ गते वृक्षरोपण गरेको छ भने शनिबार फुटसल प्रतियोगिता र १३ गते समापन समारोह गर्दैछ ।

# भैरहवामा तीन दिने महोत्सव हुँदै




भैरहवा । स्थानीय कलाको प्रस्फुटन गर्न र लुकेका नृत्य प्रतिभालाई मञ्च प्रदान गर्न भैरहवामा ३ दिने भैरहवा महोत्सव २०८२ हुने भएको छ ।

प्लाटिनम इभेन्ट प्रा.लि र गृहलक्ष्मी समूहको आयोजनामा भैरहवास्थित महेन्द्रसभा गृहमा आगामी साउन १५ गतेदेखि १७ गतेसम्म महोत्सव हुन लागेको हो ।

३० वटा स्टल रहने गरी स्थानीय तथा मौलिक खानाका परिकार पस्किनेसहित कला र संस्कृति झल्किने नृत्यको आनन्द प्रदान गर्न यो महोत्सव गर्न लागेको इभेन्टका सञ्चालक ओजस शर्माले बताए ।

विद्यालयस्तरमा कक्षा ९ सम्म अध्ययनरत विद्यार्थीहरुमध्ये लुकेका प्रतिभा खोज्न जुनियर तह १५ वर्ष मुनिको बालबालिका बिच नृत्य प्रतियोगिता र १५ वर्षमाथि उमेर समूहका बिच खुल्ला नृत्य प्रतियोगिता महोत्सवमा हुने उनले जानकारी दिए ।

साउनको १० गते अडिसनमार्फत् प्रतियोगिहरु छनोट गरी क्रमशः क्वाटरफाइनल, सेमिफाइनल र फाइनल प्रतियोगितबाट विजेता समेत घोषणा गरिने गृह लक्ष्मी समूहकी अध्यक्ष मञ्जु शर्मा रेग्मीले बताइन् ।

उनले जुनियरतर्फ प्रथम हुनेलाई २५ हजार, द्वितीय हुनेलाई १५ हजार र तृतीय हुनेलाई १० हजार यस्तै सुनियरतर्फको खुल्ला प्रतियोगितामा प्रथम हुनेलाई ३० हजार, द्वितीय हुनेलाई २० हजार र तृतीय हुनेलाई १० हजारले पुरस्कृत गरिने छ ।

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा
सादा डिजाइनका साथै
सम्पूर्ण छपाईको लागि सधै
हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com